पालुङमा आलु उत्पादन शुरु । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-४४ ● २०७८ जेठ ०३ गते सोमबार, ● 17 May. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### निषेधाज्ञाका कारण बजार नपाएपछि

# किसानले काउली फाले



विकास संवाददाता
थाहा नगर

निषेधाज्ञाका कारण बारीमा भएको उत्पादनले बजार नपाएको भन्दै मकवानपुरका किसानले सयौं किलो काउली उखेलेर फालेका छन् । काठमाडौंको बजारलाई लक्षित गरेर फलाइएको काउली नबिकेपछि उखेलेर अर्को बाली लगाइएको मकवानपुर थाहा नगरपालिकाका किसानले बताए ।

साढे दुई रोपनी खेतमा लगाइएको काउली नबिकेपछि उखेलेर फालिएको थाहा नगरपालिका ६ बज्रबाराहीकी किसान निर्मला बिडारीले बताइन् । काउली उखेलेर फालिएको र खेतमा अकबरे खुर्सानी लगाइएको बिडारीले बताइन् । 'साढे तीन रोपनीमा काउली लगाएको थिएँ, एक रोपनीको काउली मात्रै बेच्न सकँे, बाँकी उखेलेर फ्याल्नु पर्यो' बिडारीले फोनमा गुनासो सुनाइन् । निषेधाज्ञा शुरू हुने अघिल्लो दिनसम्म प्रतिकिलो ५० रूपैयाँमा बिक्री गरेको काउली त्यसयता व्यापारीले किन्नै नचाहेको उनको भनाइ छ ।


'एक रोपनीमा दुई टन काउली फल्छ, काउली छिप्पिंदै जाँदा पनि नबिकेपछि मेरो मात्रै पाँच टन जति काउली उखेलेर फ्याल्नु पर्यो' बिडारीले भनिन् । जतिमा बिक्छ लैजाऊ भन्दा पनि व्यापारीले नकिनेपछि काउली उखेलेर खेतको डिलमा थन्क्याइएको सोही ठाउँका अर्का किसान शंकर रूम्बाले बताए । मकवानपुरको काउलीले मुख्य बजार पाउने समयमै किसान निषेधाज्ञाको मार मा परेको रूम्बाको दुखेसो छ । 'निषेधाज्ञा अघि किलोमा ५० रूपैयाँ भाउ किसानले यहीँ पाएका थिए, निषेधाज्ञा सुरू भएपछि किलोको ३० रूपैयाँमा झर्यो, त्यसपछि काउली उठाउन व्यापारी आएनन्', रूम्बाले भने ।

नियमित तरकारी लैजाने व्यापारीहरूले कालीमाटीमा बिक्नै छोडेकाले तरकारी किन्न नसकिने जवाफ दिएपछि काउली उखेल्न बाध्य भएको उनले सुनाए । मकवानपुर बज्रबाराहीका मात्रै झण्डै एक दर्जन किसानले खेतमा लगाएको काउली उखेलेर फ्याँकेको स्थानीय तरकारी संकलक व्यापारी राजेन्द्र बिडारी बताउँछन् । तरकारी बजार लैजान कुनै कठिनाइ नभए पनि मुख्य बजारमा तरकारी बिक्नै नसकेको उनले बताए । यसअघिको लकडाउनमा किसानको तरकारी बजारसम्म आउनै समस्या हुँदा बिग्रिएको चक्र यसपटक भने उपभोक्ताले खपत नगरिदिंदा प्रभावित भएको कालीमाटीका व्यवसायीहरूले बताएका छन् । 'स्थानीयसँग तरकारी किन्ने कालीमाटी र बल्खुका व्यापारीहरूले यहाँ फाल्नुभन्दा उतै मल हुन्छ त्यहीँ फाल्नुस् भन्छन्, यस्तो अवस्थामा तर कारी बजार पठाउनै सकिएन' बिडारीले भने, 'सामान्य अवस्थामा यहाँको काउली बजार पठाइसकेर अर्को बाली लगाउन खेत खाली हुन्थ्यो तर यसपालि खेतमै तरकारी रह्यो । अर्को बाली लगाउन ढिलो भएपछि किसानले तरकारी फाल्नुको विकल्प देखेनन् ।' सोही ठाउँका किसान वेदराज सुवेदी र रामबहादुर सुवेदीले पनि काउली नबिकेपछि उखेलेर खेतको आलीमा चाङ लगाएको बताए । यो सिजनको अन्तिम बालीको रूपमा मुला, काउली र मटरकोसा उत्पादन भएकोमा काउली र मुला निषेधाज्ञाको मारमा परेको उनीहरूको भनाइ छ । तत्काल नबिग्रिने भएका कारण मुला न्युन मूल्यमा बिक्री भइरहेको रामबहादुर सुवेदीले बताए । निषेधाज्ञा अघि ४० रूपैयाँ किलोमा बिक्ने मुला अहिले ७ रूपैयाँ किलोमा झरेको तर काउली नबिकेको उनको भनाइ छ ।

निषेधाज्ञा र असिनाको मारमा यस क्षेत्रका किसान परेको बज्रबाराहीका वडाध्यक्ष शशिधर सुवेदीले बताए । बेमौसमी तरकारीको हबको रूपमा रहेको बज्रबाराहीका किसान यसपालि धेरै नै मर्कामा परेको उनले बताए । 'काउली त कुरै नगरौं सखापै भइहाल्यो, मुला र बन्दा समेत नबिक्ने र बिके पनि मूल्य नपाउने अवस्था किसानहरूले झेलिरहेका छन्' वडाध्यक्ष सुवेदीले भने । किसानले पाँच रूपैयाँ किलोमा लैजाऊ भन्दा पनि काउली नबिकेको सोही वडाका वडा सदस्य सुनिल लामिछानेले बताए ।

### थाहानगरमा थप कडाई

# नियम उलंघन गरे कारबाही !



विकास संवाददाता
थाहा नगर

कोरोना संक्रमण तथा नियन्त्रणका लागि मकवानपुर थाहानगरमा लगाइएको निषेधाज्ञाको परिपालनाको लागि प्रशासनले कडाइ गरेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले जजारी गरेको निषेधाज्ञा पालना गर्न नागरिकहरूलाई थाहा नगरपालिकाले आग्रह गरेको छ ।

निषेधाज्ञालाई उलंघन गरेमा कानुन बमोजिम कारबाही हुने कोभिड रोकथाम तथा निइत्रण्न निर्देशन समिति थाहानगरले २६ वैशाखमै निर्णय गरेको छ । निषेधाज्ञा कार्यान्वयन अनुगमनका लागि इलाका प्रहरी कार्यालय पालुङ र नगर तथा वडामा गठित समितिहरू खटिएका छन् । पालिकाले सम्पूर्ण नागरिकहरूलाई घरैमा बस्न र अतिआवश्यक बाहेक घरबाट बाहिर ननिस्कन आग्रह गरेको छ ।

थाहामा २७ वैशाखमा मात्र १६ जना संक्रमित थपिएका छन् । यो समेत थाहामा सक्रिय संक्रमितको संख्या १ सय ३५ पुगेका छन् । तीमध्ये ५ जनाको नगरबाहिर उपचार भैरहेको छ भने १ सय २४ जना होम आइसोलेशनमा छन्, एक जना भीमफेदी गाउँ पालिकाका छन् । २ को मृत्यु र ३ जना निको भैसकेको छ ।

यसैबीच बज्रबराहीमा निर्माण गरिरहेको आइसोलेशन पुर्ण रूपमा तयार भएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले बताए । आइसोलेशनमा २० बेडको क्षमता रहनेछ ।

# संक्रमितको संख्या दुईसय नाघ्यो

विकास संवाददाता
थाहा नगर

पछिल्लो समय अत्याधिक कोरोना संक्रमित दर बढिरहेको थाहानगर मा २ जेठमा भने सबैभन्दा कम संख्यामा पोजेटिभ देखिएका छन् ।

२ जेठमा लक्षणसहितका १० जनाको एन्टीजेन परिक्षण गरिएकोमा २ जना मात्र संक्रमित भेटिएको हो । प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा ५ जनाको परिक्षण गरेकोमा थाहा १ र २ का १/१ जना संक्रमित भेटिएको हो । स्वास्थ्य चौकी बज्रबाराहीमा ५ जनाको परिक्षण गरेकोमा सबैको नेगेटिभ रिपोर्ट आएको डा. रिकेश कार्कीले बताए ।

यसैबीच, २ जेठमा होम आइसोलेशनमा रहेका र संक्रमितको सम्पर्कमा रहेका २२ जनाको स्वाव संकलन गरेको छ । बाँकी पेज ५ मा

व्यक्तिगत घटना दर्ता सम्बन्धी
जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

स्वास्थ्य नै धन हो ।
कोभिड-१९ संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, विदेशबाट फर्किएकाहरुलाई दुर्व्यवहार नगरौं ।

- कोभिड-१९ रोग जो कोहीलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बँच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालिन सम्पर्क नम्बरहरु जानी राखौं ।
- कोभिड-१९ संक्रमितहरुलाई राख्ने क्वारेन्टाइन र आइसोलेशनको बारेमा जानकारी गराऔं ।
- मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वासथ्य सुरक्षाका मापदण्ड सम्बन्धी सूचना सम्प्रेषण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## महामारी नियन्त्रणमा ध्यान देउ

अहिले हामी कोरोना महामारीसँग लडिरहेका छौँ। महामारी नियन्त्रणका लागि विश्वव्यापी नियम (लकडाउन, निषेधाज्ञा र सामाजिक दुरी) पालना गरि रहेका छौं। यो नियम पनि महामारी नियन्त्रणमा एउटा विकल्प हो तर अन्तिम भने होइन। महामारी नियन्त्रणको महत्वपूर्ण विकल्प भनेकै आ–आफ्ना स्थानबाट गरिने सामूहिक प्रतिवद्धता हो। 'यो महामारी नियन्त्रण गर्न सघाउनु मेरो पनि महत्वपूर्ण भूमिका छ' भन्ने कुरा सबैले आ–आफ्ना क्षेत्रबाट बुझे र व्यवहारमा लागू गरे नियन्त्रण 'आकाशको फल' अवश्य होइन।कोरोना संक्रमणको पहिलो लहर चलिरहँदा धेरैको ध्यान इटालीमा सोझिएको थियो। जहाँ कोरोना महामारीको संकटमा नागरिक अतालिएका थिए, मृत्युको मुखमा हजारौं पुगे। महामारी नियन्त्रण सरकारको वशमा थिएन। आर्थिक रूपमा विश्वमै शक्तिशाली मानिएका देशहरूलाई पनि महामारी नियन्त्रणमा पसिना आयो। एक देशबाट अर्को देशमा सल्किएर विश्वव्यापी बनेको महामारी नियन्त्रणमा एक देशको साथ अर्को देशलाई भयो। दुरीका हिसाबमा टाढा रहेको चीनले इटालीसम्म चिकित्सकसहित स्वास्थ्य सामग्री पठायो र साथ दियो। महामारीमा देशका नेता देखेर जनता एक भए। इटालीवासीले नियन्त्रणपछि केही समय आरामको श्वास फेरे ।

सामूहिक अभियान र प्रतिवद्धताको यो एउटा उदाहरण हो। अहिले नेपाल स्वास्थ्य संकटमा गुज्रिएको छ। छिमेकी मुलुक भारत आफैं कोरोनाको दोस्रो चरणले थलिएको छ, चीन सहयोग दिन र महामारी छेक्नमै व्यस्त छ। यसै समयमा राजनीतिक गतिरोध चुलिँदा नेपालले महामारीको क्षति दोस्रो लहरमा बढी बेहोर्नु पऱ्यो। यो सबैले नबुझेको र नभोगेको विषय छैन अहिले। यो विषयमा चिन्तन गर्ने समय घर्किएको छ, अब सोझै युद्धमैदानमा होमिएर स्वास्थ्य संकट व्यवस्थापनको विकल्प पनि अब छैन। महामारी नियन्त्रणमा सबैले सामाजिक दुरी कायम राखे पनि नियन्त्रणमा हातेमालो र सामूहिक प्रतिवद्धता आवस्यक छ। नेपाले इटालीको जस्तो अवस्था भोग्नु हुँदैन। संकट व्यवस्थापनमा के गर्न सकिन्छ ? सुझाव र सल्लाह लिन हामीसँग पर्याप्त सबै क्षेत्रका विज्ञ छन्। दिन, रात र परिवार नभनी स्वास्थ्य समेत जोखिममा राखी उपचारमा खटिने स्वास्थ्यकर्मी छन्। शवलाई अन्तिम सलामी दिने र सरकारको नियम पालना गराउने सुरक्षाकर्मी छन्। अप्ठ्यारोमा हात समाउने छिमेकी देखेर सहारा बनेका दाता र देश छन्। लकडाउन र निषेधाज्ञालाई मुख्यरूपमा पालना गर्नुपर्ने नागरिक छन् र सही सूचना दिने सञ्चार क्षेत्र पनि। राजनीतिक दलहरूको शक्तिमोह र स्वार्थको खेती पनि एकपटकलाई लगभग मैजारो भएको छ। अब मात्रै बाँकी छ : महामारी नियन्त्रणमा सबैको सामूहिक प्रतिबद्धताको।

जुनै दलले सत्ताको नेतृत्व गरे पनि उसको मुख्य जिम्मेवारीमा नागरिकको सुरक्षा पनि पर्छ। अहिले योबाहेक अन्य कुराको चिन्ता लिने समय पनि होइन। दलका प्रमुख नेता मिले गाउँ र टोलका कार्यकर्तासम्मले अँगालो हाल्ने मुलुक हाम्रो हो। त्यसैले अब पार्टी स्वार्थको होइन, स्वास्थ्य संकट व्यवस्थापनमा सामूहिक प्रतिबद्धताको अँगालो हालौं। संकट व्यवस्थापनको प्रतिबद्धता माथिल्लो तहबाट सुरु भए महामारीभन्दा चाँडो फैलिएर समाजमा पुऱ्याउन सकिन्छ। गल्तीमा आफ्नो कान समाउन कसैले लजाउनु हुँदैन। अहिलेसम्म गरेका गल्तीबाट पाठ सिकेर आजै सबैले आआफ्नो क्षेत्रबाट महामारी नियन्त्रणमा थप ध्यान दिनू आवश्यक छ । त्यसका लागि प्रतिवद्ध भएर काम गरे मात्र तीन तहको सरकारको अनुभूति नागरिकले गर्न पाउने छन् ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# बालबालिका कति जोखिममा ?



**डा. प्रज्ज्वल पौडेल**

समग्र स्वास्थ्य प्रणाली कोभिड–१९ का कारण प्रभावित हुँदा बालबालिकामा भने पहिलो लहरमा यसको असर कमै परेको देखिएको थियो । विश्वभर नै १८ वर्षभन्दा तलको उमेरको समुदायमा संक्रमणको दर कम देखियो भने जटिलता र मृत्युदर पनि न्यून रह्यो । ब्रिटेनमा पहिलो पटक भेटिएको कोरोना भाइरसको नयाँ प्रजाति बी–११७ अन्य मुलुकमा पनि तीव्रताका साथ फैलिएसँगै बालबालिकामा कोभिडको संक्रमण बढेको खबर एसियाली, अमेरिकी र अन्य युरोपेली मुलुकबाट पनि सुनिन थालेका छन् । हाल, नेपालमा २ वटा नयाँ प्रजाति बी– १.६१७ र र बी–११७को संक्रमण तीव्ररूपले फैलिरहेको पाइएको छ ।

सामान्यतः यो जीवाणु श्वासप्रश्वासको माध्यमबाट शरीरभित्र प्रवेश गर्छ । त्यसपछि, नाक र घाँटीभित्र हुने ए.सी.ई रिसेप्टरसँग टाँसिने गर्छ । यी रिसेप्टरहरू कम उमेरका बालबालिकामा थोरै मात्रामा पाइन्छन् । यसैले गर्दा पनि बालबालिकामा संक्रमण न्यून रूपमा देखिएको हो । हाल सबै वर्गमा नयाँ प्रजातिको संक्रमणमा वृद्धि भएको छ, र बालबालिकामा पनि पहिलेको तुलनामा संक्रमण बढ्दै छ ।

केही अध्ययनले देखाएअनुसार वयस्कहरूका तुलनामा बालबालिकामा संक्रमण हुने दर एक तिहाइदेखि आधा कम हुन्छ । साथै उनीहरूबाट अरूलाई सर्न सक्ने जोखिम पनि वयस्कको तुलनामा ४० प्रतिशत कम छ । तथापि, वयस्कमा जस्तै बालबालिकामा पनि देखिने यस रोगका लक्षण भने मिल्दजुल्दा छन् । ज्वरो, रूघा, खोकी, जीउ दुख्ने, पखाला लाग्नेजस्ता लक्षण प्रायः संक्रमित बालबालिकामा देखिएका छन् । तर, केही बच्चामा भने धेरै ज्वरो आउने, पेट दुख्ने, आँखा रातो हुने, मुटुको धड्कन बढ्ने, हात खुट्टा र मुख सुन्निने, शरीरमा डाबर आउने, घाँटीका ग्रन्थी बढ्ने, चक्कर लाग्नेजस्ता समस्या देखिन सक्छन् ।

यस्ता लक्षण देखिएमा 'मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोम (एमआईएस- सी) हुन सक्छ जसले कोभिड भएको केही सातामा मुटु, कलेजो, मिर्गौला, फोक्सो आदि विभिन्न अंगमा असर गरी बालबालिकाको ज्यान समेत लिनसक्छ । कोभिड भएको २ देखि ४ सातापछि यो समस्या केही बालबालिकामा देखिन सक्छ । के नयाँ प्रजातिका कोरोना भाइरसह बढ्दै गइरहेको अहिलेको अवस्थामा बालबालिकामा गम्भीर प्रकृतिका असर बढ्ने छन् त ? यो प्रश्नले बाल चिकित्सासँग सम्बन्धित सबै विज्ञलाई चिन्तित बनाएको त छ नै घरपरिवार र सिङ्गो समाज भनै त्रसित छ ।

विभिन्न देशका बालरोग विशेषज्ञको अनुभवमा पहिलेको दाँजोमा अहिले बालबालिकामा हुने मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोममा संख्यात्मक वृद्धि भएको छ । यसका दुईवटा कारण हुन सक्छन् । नयाँ प्रजातिको कोरोना भाइरसको संक्रमणमा बढी जटिलता हुनसक्छ वा हाल बालबालिकामा संक्रमण दर बढेकोले यस्ता जटिलता बढेको हुनसक्छ ।

विश्वप्रसिद्ध जर्नल द ल्यानसेटमा प्रकाशित एक अध्ययनले गत महिनामात्र लन्डनमा एक साताको अन्तरालमा ८ जना बालबालिकामा मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोम वा शरीरका सम्पूर्ण अङ्गलाई गम्भीर असर गर्ने जटिल संक्रमण देखिएको पुष्टि गरेको थियो जुन पहिले एकैपटक देखिएको थिएन । यीमध्ये अधिकांशलाई उच्च ज्वरो, आँखा रातो र सुन्निने, जीउ सुन्निने, सम्पूर्ण जीउ दुख्ने र मुटुसम्बन्धी समस्या पनि देखिएको थियो । तर उनीहरू सबैलाई २-४ साता पहिले कोभिडका लक्षण भने थिएनन् ।

लगत्तै, न्यु योर्कमा दसौं बच्चाहरूमा यस्तै जटिलता देखियो र ३ जनाको मृत्यु समेत भयो । यो विशेषगरी ३-१२ वर्ष उमेर समुदायमा देखिएको छ तर २१ भन्दा कम उमेर समूहमा पनि हुनसक्छ । नेपालमा कुल संक्रमितमध्ये ५-६ प्रतिशत बालबालिका हुने गरेको पाइएको थियो भने कोरोनाको दोस्रो लहरमा संक्रमितमध्ये १७ प्रतिशतभन्दा बढी बालबालिका हुनेगरेको पाइएको छ । नेपालको एकमात्र सरकारी बाल अस्पताल कान्ति बाल अस्पतालमा प्रतिमहिना औसतमा १० जना कोभिड संक्रमित बालबालिका उपचारका लागि भर्ना हुने गरेको उपचारमा संलग्न एक चिकित्सकको भनाइ थियो । यो साल भने वैशाखमा मात्र ३५ भन्दा बढी संक्रमित बालबालिका भर्ना भइसकेका छन् ।

> "हाल अमेरिका र बेलायतमा बालबालिकाको लागि कोभिडको खोप सुरक्षित र प्रभावकारी भए नभएको अध्ययन, अनुसन्धान भइरहेको छ र प्रारम्भिक अध्ययनले बालबालिकामा कोभिड विरुद्धका लागि यो खोप शत प्रतिशतसम्म उपयोगी हुनसक्ने देखाएको छ ।"

नेपालका बालरोग विशेषज्ञहरूको बुझाइमा कोभिड संक्रमित बालबालिकामा हाल वयस्कमा देखिएजस्तो, अक्सिजनको मात्रामा शीघ्र कमी आउने, कडा निमोनिया हुनेजस्ता गम्भीर असर बढेका भने छैनन् । अहिले संक्रमण दर बढे पनि मृत्यु दर त्यही अनुपातमा बढेको देखिएको छैन । गत वर्ष कोभिड भएको २ -४ सातापछि देखिने मल्टिसिस्टम इन्फ्लामेटोरी सिन्ड्रोम केही बच्चामा मात्रै देखिएको थियो भने कोरोनाको दोस्रो लहरमा संक्रमित बालबालिकामा यो जटिलता कुन रूपमा प्रस्तुत हुने छ भन्ने आकलन अन्य देशका ट्रेन्ड हेरेरमात्र गर्न सकिने अवस्था छ ।

त्यसैले यो समयमा नानीबाबुहरूलाई उच्च ज्वरो, आँखा रातो र सुन्निने, जीउ सुन्निने, सम्पूर्ण जीउ दुख्ने, पेट दुख्ने, शरीरमा डाबर आउनेजस्ता समस्या देखिएमा तुरून्त उपचार र परामर्शका लागि स्वास्थ संस्था लगी मृत्युको जोखिमबाट बचाउनुपर्छ । अध्ययन र परीक्षणले नयाँ प्रजातिको कोरोना भाइरसको शरीरका रिसेप्टरमा टाँसिने क्षमता बढी भएको र यो भाइरस पहिलेको भन्दा ३० देखि ७० प्रतिशत बढी शक्तिशाली भएको देखाएको छ । यसकारण नयाँ प्रजातिको भाइरसबाट बालबालिकामा पनि संक्रमण सजिलै हुन थालेको हो । एक व्यक्तिबाट अर्कोमा नयाँ प्रजातिको यो भाइरस सजिलै सर्न सक्छ भने यसले जटिलता पनि बढाउँछ । फलस्वरूप, स्वास्थ संस्थामा बिरामीको चाप बढ्ने, अक्सिजन, औषधिलगायत अन्य सामाग्री कमी हुने र मृत्युदर पनि बढ्ने गरेको हो । त्यसैले यस अवस्थामा बालबालिका कम संक्रमित भए पनि स्वास्थ संस्थाको दयनीय अवस्थाका कारण राम्रो उपचार नपाएर हुने दुःखद परिणामको उच्च जोखिममा देखिन्छन् । विज्ञहरूका अनुसार, महामारीका सुरूका दिनमा सर्वत्र स्कुल बन्द गरिएको र केटाकेटीमा संक्रमण कम रहेको अनि जटिलता पनि धेरै नदेखिएको हुनुपर्छ । तर, केही महिनाअघि विद्यालय भौतिकरूपमा सञ्चालन गरिनु र नयाँ प्रजाति पनि देखिनुले केटाकेटीमा संक्रमण बढेको हो ।

विश्वको ३२ प्रतिशत जनसंख्या १८ वर्षभन्दा कम उमेरका अर्थात् बालबालिकाको छ । प्रत्येक ९ जना संक्रमितमध्ये १ जना संक्रमित बालबालिका हुन्छन् र अस्पताल भर्ना भएकामध्ये २ प्रतिशत बालबालिका भएको अध्ययनले देखाएका छन् । प्रत्येक ३ हजार ५०० जना संक्रमित बालबालिकामध्ये १ जनाको मृत्यु हुने गरेको छ भने संक्रमित वयस्कमा ६० जनामध्ये १ जनाको मृत्यु हुनेगरेको पाइएको छ । कोभिड विरूद्धको लडाइँमा खोप प्रभावकारी भएको केही अध्ययनहरूले पुष्टि गरेका छन् । हाल उपलब्ध खोप भने १८ वर्ष माथिका व्यक्तिमा मात्र प्रयोग गरिएको छ । तसर्थ, बालबालिकालाई खोप लगाउनु आवश्यक छ । हाल अमेरिका र बेलायतमा बालबालिकाको लागि कोभिडको खोप सुरक्षित र प्रभावकारी भए नभएको अध्ययन, अनुसन्धान भइरहेको छ र प्रारम्भिक अध्ययनले बालबालिकामा कोभिड विरूद्धका लागि यो खोप शत प्रतिशतसम्म उपयोगी हुनसक्ने देखाएको छ । खोप पूर्णरूपमा तयार हुन अझै एक वर्ष लाग्नसक्छ । त्यस्तै केही दिनअघि मात्र भारतमा २ वर्षमाथिका बच्चामा खोपको प्रभावकारिता बारे परीक्षण सुरू भएको छ । आशा गरौँ, सन् २०२१ को अन्त्यसम्म बालबालिकाका लागि कोभिडविरूद्धको खोप अभियान चलाउन सकिएला । कोभिड विरूद्धको लडाइँमा यो अभियान 'गेम चेन्जर' हुनेछ । किनभने भाइरोलोजिस्टका अनुसार कोभिडको तेस्रो लहरमा सबैभन्दा बढी जोखिम बालबालिकालाई छ ।

अहिलेको अवस्थासम्म आइपुग्दा पहिलो लहरमा भन्दा दोस्रो लहरमा बालबालिकाका लागि खतरा बढेको छ र तेस्रो लहर आएमा खोपबाट वञ्चित यो समुदाय उच्च जोखिममा पर्ने सहजै अनुमान गर्न सकिन्छ । यसलाई दृष्टिगत गरी व्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै तहमा समयमै पूर्वतयारी गर्नु जरूरी देखिन्छ ।

*-इमेल प्राप्त लेख*

जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# अरुलाई होइन, आफैलाई बदलौं



**मानिसको सोंच, सोच्ने तह, धरातल अलग हुन्छ । हामीले त्यसलाई बदल्न सक्दैनौं । आफुलाई बदल्ने एउटै कडी भनेको आफु सकारात्मक रहने हो । सबैप्रति समान दृष्टिकोण र धारणा राख्ने हो ।**

अहिले कोरोना महाव्याधिले सर्वत्र सन्त्रास फैलाएको छ । यतिबेला यो संक्रमणबाट बच्ने सर्वोत्तम विकल्प भनेको भौतिक दूरी र मास्कको प्रयोग नै हो । यो ज्ञान अधिकांशलाई छ । तर, हामीमध्ये धेरैजसो अनुशासित ढंगले यी कुराहरू पालना गरिरहेका छैनौं । हाम्रो प्रवृत्ति के छ भने यो सबै काम अरूले गर्ने हो । फलानोले मास्क लगाएन, फलानोले भौतिक दूरी कायम गरेन भनेर औल्याउँछौं । जबकि हामी आफै भने यस्तो सतर्कता अपनाउन कन्जुस्याँई गरिरहेका हुन्छौं । आम प्रवृत्ति हो, अरूलाई बदल्न खोज्ने तर आफुलाई भने नबदल्ने । यसै सन्दर्भमा यहाँ एउटा दृष्टान्त दिइएको छ । एकादेशमा एक राजा थिए । उनलाई रोग लाग्यो । धेरै वैद्य-चिकित्सकलाई देखाए । तर, कसैले उनको रोग निको पार्न सकेनन् । यस्तैमा एक वैद्यले सल्लाह दिए, 'राजालाई त्यस्तै वातावरणमा निको हुन्छ, जहाँ हरियो नै हरियो होस् । राजाले देख्ने सबै कुरा हरियो हुनुपर्छ ।'

राजाले आफ्नो आसपासका सबैकुरा हरियो बनाउन लगाए । कपडा हरियो लगाउन थाले । उनले प्रयोग गर्ने सरसामाग्री हरियो बनाइयो । कतिसम्म भने, उनले खाने खाना पनि हरियो बनाइयो । एक पटक त्यही बाटो भएर एक साधु हिंडिरहेका थिए । उनले राजाको दरवारमा हरियो नै हरियो देखे । आखिर उनले मन थाम्न सकेनन् । र, त्यसबारे जिज्ञासा राखे । तब, राजा बिरामी भएको उनले थाहा पाए र सो बाट मुक्त हुनका लागि हरियो रंग सर्वत्र प्रयोग गरिएको थाहा पाए । उनी राजाकहाँ पुगे र भन्न थाले, 'महाराज, तपाईं कुन कुन कुरालाई हरि यो रंगमा बदल्नु हुन्छ ? हरेक चिजलाई बदल्न संभव छैन ।'

**राजाले सोधे, 'त्यसो भए के गर्ने त ?'**

'हरेक चिजलाई हरियो रंगमा बदल्न संभव छैन' साधुले सुझाए, 'बरू राम्रो त यो हुन्छ कि, हरियो चस्मा लगाउनुहोस् । तपाईंले देख्ने सबै कुरा हरियो देखिनेछ ।' यो कथाको मर्म मननयोग्य छ । हामी आफ्नो अनुकुलता अनुसार सबै कुरा खोज्ने गर्छौं । आफुलाई केन्द्रमा राखेर हरेक कुराको मूल्यांकन गर्छौं । यो त्यस्तो हुनुपर्छ, यो यस्तो हुनुपर्छ भनेर अपेक्षा गर्छौं । फलानोले यसो गरे हुन्थ्यो, फलानोले यसो नगरे हुन्थ्यो भन्ने लाग्छ । वास्तवमा हरेक मान्छेको आफ्नै मानविय स्वभाव एवं प्रवृत्ति हुन्छ । गुण र अवगुण हुन्छ । उनीहरूलाई हामी आफु अनुकुल बदल्दै जान सक्दैनौं । बरू आफुलाई बदल्ने हो । जब आफुलाई बदल्छौं, संसार आफ्नो अनुकुल देख्छौं । सबै आफन्त देख्छौं । सबै मित्रवत् देख्छौं । सबै कुरा सकारात्मक देख्छौं ।

हामी जब परिवर्तनको कुरा गर्छौं, जब प्रगतिको कुरा गर्छौं, जब क्रान्तिको कुरा गर्छौं । यसका निम्ति अरूलाई अगाडि सार्छौं । फलानोले यसो गर्नुपर्छ, उसो गर्नुपर्छ, यसो गरे हुन्थ्यो, त्यसो गरे हुन्थ्यो भन्ने सोच्छौं । तर, हामी आफुमाथि कुनै प्रश्न गर्दैनौ । आफुलाई बदल्ने कुरा नै सोच्दैनौ । जबकी संसार बदल्नु छ भने, हामी आफै बदि्लनु आवश्यक छ ।

प्रत्येक व्यक्ति उसले जस्तो चाहन्छ, त्यस्तै रूपमा बदि्लन सक्छ । अरूलाई बदल्न जति असहज वा असंभव हुन्छ, आफुलाई बदल्न उत्तिनै सहज हुन्छ । अरूलाई राम्रो बनाएर संसार राम्रो देखिने होइन । आफु राम्रो भएपछि संसार राम्रो देखिने हो । अर्थात बस्तुलाई आफ्नो रूची अनुरूपको रंगमा बदल्ने होइन, बरू आफ्नो हेराई बदल्ने हो । हामी अक्सर गुनासो गर्छौं, 'फलानोले यसो गऱ्यो, उसो गऱ्यो ।' अर्काको व्यवहार र विचारबाट हामी कहिले खुसी त कहिले दुखी भइरहेका हुन्छौं ।

धेरैजसो त हामी अरूबाट बढी अपेक्षा राख्छौं । अरूलाई आफु अनुकुल बनाउने प्रयास गर्छौं । अरूले के गर्छ, के भन्छ, के सोच्छ, त्यसमा सरोकार राख्छौं । हो, यही कुराले हामीलाई दुखी तुल्याउँछ । निरास तुल्याउँछ । किनभने संसारमा कुनैपनि व्यक्ति हामीले सोचेजस्तो हुन सक्दैन । हामी आफुलाई जसरी सोच्छौं, उसले पनि उसको जीवनलाई त्यसैगरी सोचेको हुन्छ । उसको निम्ती हामी अनुकुल हुन सक्दैनौ भने अरूबाट हामीले किन त्यस्तो अपेक्षा राख्ने ? अब हामी आफैलाई बदलेर हेरौं । सबै कुरा राम्रो देखिनेछ । सबै राम्रो लाग्ने छ । हामी के कुरामा जोड दिन्छौं भने, मेरो सबै समस्याहरू सल्टाउन पाइयोस् । मेरो समस्या सबैले बुझे हुन्थ्यो । मेरो समस्या समाधानका लागि सबैले सहयोग गरे हुन्थ्यो । अब यही कुरा हामी अर्काको आँखाबाट हेरौं । फालनोको समस्या मैले बुझिदिनुपर्छ । फलानोको समस्या समाधानका लागि मैले पहल गरिदिनुपर्छ । हो, यो ढंगले हामी कहिल्यै सोच्छौं ।

हामी सधै आफुलाई केन्द्रमा राखेर सोच्छौं । त्यही कारण अरूबाट हामी केही न केही अपेक्षा गरिरहेका हुन्छौं । तर, अरूको पनि आफ्नै समस्या हुन्छन्, आफ्नै अप्ठ्यारा हुन्छन् । उनीहरूलाई आफ्नै समस्याले घेराबन्दीमा पारेको हुन्छ । त्यस्तो अवस्थामा हामी आफ्नो मात्र कुरालाई महत्व दिएर सोच्नु बेकार हुन्छ ।

हाम्रो नराम्रो बानी भनेको, अरूलाई दोष दिने हो । आफ्नो काम ठिक ढंगले सम्पन्न भएन, आफुले सोचेजस्तो सबैकुरा ठिकठाक भएन भने हामी अरूलाई दोष दिन्छौं । अरूप्रति नकारात्मक धारणा बनाउँछौं । तर, हामी आफ्नो लागि हामी आफै दोषी हुन्छौं । संसारका सबै मानिसको व्यवहार , बुझाई, हेराई एकनास हुँदैन । मैले जुन कुरालाई राम्रो देखें, त्यो कुरालाई उसले पनि त्यही दृष्टिले हेर्नुपर्छ भन्ने छैन । मैले कुनैपनि कुरालाई जसरी बुझें, त्यो कुरालाई उसले पनि त्यसरी नै बुझ्नुपर्छ भन्ने छैन । तर, हामी के चाहन्छौं भने, मैले जे देखें, जसरी बुझें त्यही अनुरूप अरूले पनि बुझ्नुपर्छ । यो गलत धारणा हो । मानिसको सोंच, सोच्ने तह, धरातल अलग हुन्छ । हामीले त्यसलाई बदल्न सक्दैनौं । आफुलाई बदल्ने एउटै कडी भनेको आफु सकारात्मक रहने हो । सबैप्रति समान दृष्टिकोण र धारणा राख्ने हो ।

संसारमा कोही पनि कहिले पनि पूर्ण हुन सक्दैन । तर, अपूर्ण हुँदैमा निरास हुनुपर्ने केही छैन । अपूर्ण हुँदैमा सबै कुरा तहसनहस हुने पनि होइन । जे, जति उपलब्ध छ, त्यसैमा रमाउनुपर्छ । जे छ, त्यसमै सन्तुष्ट गर्नुपर्छ । सबै कुराप्रति सकारात्मक दृष्टि र सोंच राख्नुपर्छ । यसले हामीलाई कहिल्यै दुखी हुन दिनेछैन ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# अनलाइनबाटै मानसिक स्वास्थ्य परामर्श सेवा सुरु




विज्ञहरु महामारीका बेला मानसिक स्वास्थ्यमा समस्या आउने भन्दै यसको रोकथामको उपाय अपनाउनु पर्ने बताउँछन् । मनोचिकित्सक डा. सुरज शाक्यले ह्याप्पी माइण्ड्स् डट हेल्थमा नेपाल, अमेरिका र अष्ट्रेलियामा काम गरिरहेका अनुभवी नेपाली मनोविशेषज्ञले मानसिक समस्याको समाधानका लागि काम गर्ने बताउँछन् ।

भौतिक सहभागिता सम्भव नभएको कोरोना महामारीमा अनलाइनबाटै मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा सुरु भएको छ । शनिबार 'ह्याप्पी माइन्ड्स डट हेल्थ'ले काठमाडौंमा एक कार्यक्रमका बीच यो प्लेटफार्म सार्वजनिक गरेको हो । यसको औपचारिक गायिका एवं सामाजिक अभियन्ता आनी छोइङ डोल्माले गरेकी हुन् ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै गायिका डोल्माले युवाहरूलाई अनिवार्य रूपमा नियमित ध्यान गर्न सुझाव दिइन् । शारीरिक एवं मानसिक स्वास्थ्यको लागि संगीतले पनि थेरापीको काम गर्ने भन्दै डोल्माले सहि समयमा सहि सेवा सुरु गरेको भन्दै 'ह्याप्पी माइन्ड्स् डट हेल्थ' को सफलताको कामना गरिन् । यो अनलाइनबाटै मानसिक स्वास्थ्यसम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने अनलाइन प्लेटफर्म हो।

जीजी कर्पोरेसन प्रालिले सञ्चालनमा ल्याएको यो प्लेटफार्मको माध्यमबाट मानसिक स्वास्थ्यसम्बन्धी जागरूकता बढाउने, मानसिक स्वच्छता र मानसिक स्वास्थ्यसम्बन्धी प्राथमिक चिकित्सकीय सहायता प्रदान गरिने संस्थाले बताएको छ ।

**'महामारीका बेला मानसिक स्वास्थ्य समस्या'**

विज्ञहरु महामारीका बेला मानसिक स्वास्थ्यमा समस्या आउने भन्दै यसको रोकथामको उपाय अपनाउनु पर्ने बताउँछन् । मनोचिकित्सक डा. सुर ज शाक्यले ह्याप्पी माइण्ड्स् डट हेल्थमा नेपाल, अमेरिका र अष्ट्रेलियामा काम गरिरहेका अनुभवी नेपाली मनोविशेषज्ञले मानसिक समस्याको समाधानका लागि काम गर्ने बताउँछन् । डा शाक्यले कोभिड महामारीका बेला मानिसहरूमा मानसिक स्वास्थ्य समस्या पनि निकै बढेर गएको भन्दै रोजगारदाताहरूलाई आफ्ना कर्मचारी र शैक्षिक संस्थाहरूलाई आफ्ना विद्यार्थीहरूको मानसिक स्वास्थ्यको ख्याल गर्न आग्रह गरे ।

मानसिक समस्यालाई समयमै सम्बोधन नगर्दा डिप्रेसन तथा आत्महत्याका घटनाहरू पनि बढ्दै गएको भन्दै उनले आफ्नो परिवारका सदस्य तथा साथीहरूमा त्यस्तो समस्या देखिए तुरून्तै स्वास्थ्य संस्थामा सम्पर्क राख्न र विज्ञहरूबाट परामर्श लिन आग्रह गरे । ह्याप्पी माइन्ड्स्की प्रबन्ध निर्देशक श्रेया गिरीले अनलाइनबाटै मनोचिकित्सा सेवा प्रदानका लागि ह्याप्पी माइन्ड्स् डट हेल्थ सुरु गरिएको बताइन् । 'कोरोना प्रकोपपछि विश्वभरि मानसिक समस्या विकराल बनिरहेको छ, नेपालमा पनि यो अवस्था निकै गम्भीर रूपमा देखिएको छ,' प्रबन्ध निर्देशक गिरीले भनिन्, 'यही समस्याको न्यूनीकरण र निराकरणको लागि हामीले युवाहरूको टिम बनाएर ह्याप्पी माइन्ड्स् डट हेल्थ शुरू गरेका हौं ।'

ह्याप्पी माइन्ड्स् डट हेल्थले जुम र अनलाइनको सहायताले विशेषज्ञ सेवा सञ्चालन गर्ने प्रबन्ध निर्देशक गिरीले बताइन् । गिरीले नै यो सेवा र प्लेटफर्मको अवधारणा ल्याएकी हुन् । गत वर्ष लन्डनमा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका बेला कोभिड-१९ प्रकोप सुरु भएपछि आफू पनि मानसिक स्वास्थ्य समस्याबाट गुज्रिएको उनले बताइन् ।

**'लकडाउनका बेला निराश र एक्लो'**

लकडाउनका बेला आफूलाई निराश र एक्लो महसुस गर्दै आˆनो काम र विश्वविद्यालयको पठन पठन गर्न पनि असमर्थ भएपछि नेपाली मनोचिकित्सकको खोजी गर्दा निकै सास्ती भोग्नु परेको अनुभव उनले सुनाइन् ।

'त्यसपछि मैले यो समस्याको पहिचान गरी समाधान खोज्ने अठोट लिएँ, त्यसैको प्रतिफल ह्याप्पी माइन्ड्स् डट हेल्थ सुरु गरिएको हो,' गिरीले भनिन् । यो प्लेटफार्मलाई शैक्षिक संस्थान, कर्पोरेट र विभिन्न संगठनसँग समेत साझेदारी गर्ने लक्ष्य लिइएको छ । 'ह्याप्पी माइन्ड्स् टिमले स्कूल र कलेज, कर्मचारी सहायता कार्यक्रम, प्राथमिक उपचार, मानसिक स्वास्थ्यसम्बन्धी कार्यशाला र अन्य थुप्रै सेवा प्रदान गर्न योजनाबद्ध कार्यक्रम तयार पारेको छ,' गिरीले भनिन् ।

सिंगापुर रेडक्रसकी प्रतिनिधि कल्पना क्षेत्री, इथियोपियाका लागि मानार्थ महावाणिज्यदूत राजेन्द्र गिरी, नर्थफेस, टिम्बरल्याण्ड र कोलम्बिया ब्रान्डकी सञ्चालक डिकिला लामा लगायतले ह्याप्पी माइण्ड्स् डट हेल्थ मानसिक स्वास्थ्य सेवाका लागि महत्त्वपूर्ण अनलाइनमाध्यमका रूपमा स्थापित हुने विश्वास व्यक्त गरे ।

# कैलाशमा अक्सिजन सहितको १० बेडको आइसोलेसन



## –नि:शुल्क एम्बुलेन्स सेवा तयारी अवस्थामा

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले कोरोना भाइरस (कोभिड–१९) संक्रमित बिरामीको उपचारको लागि अक्सिजन सहितको १० बेडको आइसोलेसन तयार गरेको छ । गाउँपालिका अध्यक्ष टंक बहादुर मुक्तानले गाउँपालिका भित्र संक्रमित भएर स्वास्थ्यमा समस्या देखिएकालाई तत्काल आइसोलेसनमा ल्यायर उपचार गर्ने वातावरण मिलाएको बताए ।

गाउँपालिकाको वडा नंबर ९ को नामटारमा अक्सिजन सहितको आइसोलेसन तयार गरिएको अध्यक्ष मोक्तानले बताए । उनले भने,'संक्रमित बिरामीको लागि अक्सिजनसहितका आइसोलेसन तयार गर्यौ, आइसोलेसनमा खाना तथा खाजाको व्यवस्था गरेका छौँ । आइसोलेसनमा डाक्टरसहितको स्वास्थ्यकर्मीहरू तयारी अवस्थामा हुनुहुन्छ,हाल गाउँपालिका भित्र ५८ जना सक्रिय संक्रमित होम आइसोलेसनमा उपचाररत हुनुहुन्छ । उहाँहरू संग हामी नियमित सम्पर्कमा छौ,उहाँहरूलाई स्वास्थ्यमा समस्या हुने बित्तिकै जुन सुकै समयमा पनि सम्पर्क गर्न आग्रह गर्दै आएका छौ ।'

गाउँपालिका भित्रका संक्रमित बिरामीलाई आइसोलेसन ल्याउन र स्वास्थ्य अवस्था ठिक भएर घर पुर्‍याउन दुई एम्बुलेन्स तयारी अवस्थामा राखेका छौ अध्यक्ष मुक्तानले भने: स्वास्थ्य अवस्था गम्भिर हुँदै गए बिरामीलाई रिफर गरेर उपचारको लागि सम्बन्धीत कोभिड अस्पतालसम्म पुर्‍याउन समेत नि:शुल्क एम्बुलेन्स सेवा तयारी अवस्थामा छ । गत वर्ष पनि गाउँपालिकाले संक्रमित बिरामीको उपचारको लागि नि:शुल्क एम्बुलेन्स सेवा दिएको थियो ।

अध्यक्ष मुक्तानले गाउँपालिकाले तयार गरेको आइसोलेसनमा १० वटा ठूलो अक्सिजनसहितको सिलिन्डर रहेको बताउँदै गाउँपालिका भित्रका संक्रमितहरूलाई स्वास्थ्यमा समस्या भएमा समयमै गाउँपालिकासंग सम्पर्क गरेर आइसोलेसनको सेवा लिन अनुरोध गरेका छन् ।

# भीमफेदीबाट अबैध भरुवा बन्दुक बरामद



◆ विकास संवाददाता

ईलाका प्रहरी कार्यालय भिमफेदीले बेवारिसे अवस्थामा रहेको अबैध भरूवा बन्दुक २ नाल बरामद गरेको छ । १ जेठमा ईलाका प्रहरी कार्यालय भिमफेदी मकवानपुरबाट प्रनि सुरेन्द्र श्रेष्ठको कमाण्डमा खटिएको प्रहरी गस्ती टोलीले भिमफेदी गाउँपालिका वडा नं ६ स्थित स्याउली बनको रूखको चेपमा बेवारिसे अवस्थामा भेटिएको थियो ।

लुकाई छिपाई राखेको १ नाले भरूवा बन्दुक थान २ फेला परेकोसंगै उक्त बन्दुक कसको हो भन्ने सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# *क्याम्पाडाँडामा भेटिएको बम डिस्पोज*

◆ विकास संवाददाता

*हेटौंडा–५ क्याम्पसमा निर्माणाधीन पिप्ले क्याम्पा रङ्गशालामा ४ जेठमा बिहान फेला परेको सकेट बम डिस्पोज गरिएको छ । भिमफेदी–१ सुपारेटारबाट आएको नेपाली सेनाको बम डिस्पोजल टोली डिस्पोज गरेको हो ।*

*पिप्ले क्लबको स्वामित्वमा निर्माणाधीन रङ्गशालाको माटो सम्याउने क्रममा उक्त बम भेटिएपछि पिप्ले युवा क्लबको प्रतिनिधिले वडा प्रहरीलाई खबर गरेका थिए । खियाँ लागेको अवस्थाको उक्त बम २०६१ सालमा सोही स्थानमा माओवादी सेना र प्रहरीसँगको दोहोर भिडन्तमा छाडिएको हुन सक्ने जनाइएको छ ।*

# अक्सिजन प्लान्ट स्थपना गर्न पहल



◆ विकास संवाददाता

कोरोना संक्रमण बढेसँगै आईसियु तथा भेन्टीलेटरमा रहेर उपचार गर्नुपर्ने बिरामीलाई अक्सिजनको समस्या भएपछि मकवानपुरको हेटौँडामा अक्सिजन प्लान्ट स्थापनाको लागि हेटौँडा उपमहानगरपालिकाले पहल थालेको छ ।

२ जेठमा उपमहानगरपालिकाम मकवानपुरका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख, हेटौँडा अस्पताल सञ्चालन तथा बयवस्थापन समितिका अध्यक्ष, उद्योग संघ हेटौँडाका अध्यक्ष सहितको बैठक भएको हो ।

बैठकमा हेटौँडामा निजि क्षेत्रको तर्फबाट उद्योग संघले प्लान्ट स्थापनामा नेतृत्व लिनुपर्ने विषयमा छलफल भएको थियो । प्लान्ट स्थापनाको लागि उपमहानगरपालिकाले उल्लेख्य सहयोग गर्ने समेत प्रतिबद्धता आएको जनाइएको छ । उपमहानगरपालिकाका मेयर हरि बहादुर महतको अध्यक्षतामा भएको बैठकबाट प्लान्ट स्थापनाको लागि चाँडोभन्दा चाँडो काम सुरुगर्न आवश्यक कार्य थालनि गर्ने विषयमा सहमति भएको बताईएको छ ।

# हेटौँडा आयो अत्यावश्यक 'अक्सिजन कन्ट्रेन्टर'



◆ विकास संवाददाता

अक्सिजनको अभाव झेलिरहेको हेटौँडा अस्पतालका कोरोना संक्रमितहरूको लागि हेलिकप्टर चार्टर गरेर अत्यावश्यक 'अक्सिजन कन्ट्रेन्टर' ल्याइएको छ । बाहिरि जिल्लाबाट अक्सिजन आयातमा समस्या भएपछि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेलिकप्टर चार्टरै गरेर भएपनि आकस्मीक रूपमा ति 'अक्सिजन कन्ट्रेन्टर' ल्याएको हो । प्रतिष्ठानले ८ वटा 'अक्सिजन कन्ट्रेन्टर' ल्याएको हो ।

प्रदेशको राजधानीमा रहेको सरकारी अस्पतालमा अक्सिजनको कमि भएर संक्रमितको ज्यान जाने अवस्था सृजना भएपछि मुख्यमन्त्री डोरमणी पौडेल आफै अक्सिजनको जोहो गर्न लागि परेका थिए । उनकै पहलमा नेपाली सेनाको सबारी मार्फत छिमेकि जिल्लाबाट केहि थान सिलिण्डर अक्सिजन आईपुगेको छ भने बाँकी सिलिण्डरहरू पति तत्काल ल्याउने बताईएको छ ।

सिलिण्डरको मात्र भर परेर नहुने अवस्था सृजना भएपछि पौडेलले काठमाण्डौंबाट ८ वटा 'अक्सिजन कन्ट्रेन्टर' झिकाएका हुन् । मुख्यमन्त्री पौडेलका स्वकिय सचिव अनुप पौडेल भन्छन 'प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अर्न्तगतको हेटौँडा अस्पतालमा अक्सिजनको कमि हुनुहुन्न भन्नेमा मुख्यमन्त्री निकै चिन्तित हुनुहुन्छ, यहाँ अक्सिजनको लागि केहि दिनबाटै पहल भैरहेको थियो, फलस्वरूप केहि थान सिलिण्डर र ८ थान कन्ट्रेन्टर आएको छ ।' 'अक्सिजन कन्ट्रेन्टर' एउटा विद्युतिय उपकरण हो । यसले हावामा भएका अक्सिजनलाई एकिकृत गरेर प्रति मिनेट ५ देखि १० लिटर अक्सिजन उत्पादन गर्न सक्छ । यो अक्सिजन मात्र कम भएका विरामिको लागि उपयोगि हुन्छ ।

# हेटौंडामा 'अटो एम्बुलेन्स'



◆ विकास संवाददाता

कोभिड संक्रमित विरामीलाई ओसारपसार गर्नका लागि हेटौंडामा अटोलाई एम्बुलेन्सको रूपमा सञ्चालनमा ल्याईएको छ । ६ जेठबाट हेटौंडा उपमहानगरका १९ वटै वडामा सञ्चालन हुनेगरी प्रत्येक वडामा २ वटा अटोलाई एम्बुलेन्सको रूपमा सञ्चालनमा ल्याइएको हो । कोरोना संक्रमित तथा अन्य विरामीलाई मध्यनजर गर्दै अटो एम्बुलेन्स संचालनमा ल्याइएको मकवानपुरका प्रजिअ भरतमणी पाण्डेले बताए।

प्रत्येक वडामा २।२ वटाको दर ले ३८ वटा अटोलाई केहि स्वरूप परि वर्तन गरि अटो चालकलाई पिपिई सेट प्रयोग गराई अटो एम्बुलेन्स सञ्चालन गरिएको प्रजिअ पाण्डेले बताए ।

जिल्ला कोभिड–१९ व्यवस्थापन केन्द्र (डिसिसीएमसी)को पदाधिकारीहरूको उपस्थितीमा चालकलाई पिपिई सेट प्रदान गर्दै अटो एम्बुलेन्स सुरूवात गरिएको थियो । हेटौंडा उपमहानगरको व्यवस्थापन र अटो व्यवसायीहरूको सहकार्यमा यो सेवा सुरूवात गरिएको जनाइएको छ ।

बैशाख २७ गते बसेको डिसिसिएमसीको बैठकले निषेधाज्ञालाई कडाई गर्दै हेटौंडाका १९ वटै वडा कार्यालयको समन्वयमा अटो एम्बुलेन्स संचालनमा ल्याउने निर्णय गरेको थियो।अटो एम्बुलेन्स संचालनमा आएपछी बिरामीलाई अस्पताल लैजान सहज हुने अनुमान गरिएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# कुलेखानी: नयाँ आयोजनाको अध्ययन



◆ विकास संवाददाता

नेपाल विद्युत् प्राधिकरणले बनाउन खोजेको कुलेखानी सिस्नेरी पम्प स्टोरेज आयोजनाको भौगोलिक अध्ययन सम्पन्न भएको छ । कुलेखानी जलाशयकै पानी प्रयोग गरेर विद्युत् निकाल्ने र त्यो पानी पुनः जलाशयमै फिर्ता पठाउने गरी विद्युत् आयोजना बनाउन गत चैत्रमा विद्युत् विकास विभागले अनुमति दिएको थियो ।

अहिले प्राधिकरण मातहतको एनईए इन्जिनियरिङले पूर्वसम्भाव्यता अध्ययन गरिरहेको छ । अध्ययनमा संलग्न प्राधिकरणका इन्जिनियर शिवराम केसीका अनुसार हालसम्म भौगोलिक अध्ययन पूरा भएको छ भने भौगर्भिक, वातावरणीयलगायतका अध्ययनको काम भइरहेको छ । असार मसान्तभित्र पूर्वसम्भाव्यता अध्ययन सक्ने लक्ष्य प्राधिकरणको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले यो आयोजना सस्तो भएकाले तत्काल निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'आगामी असारसम्म अध्ययनको काम सक्ने र अर्को वर्षको असारभित्र निर्माण सुरू गर्नुपर्छ भन्नेमा हामी छौँ ।' उहाँका अनुसार आयोजना सम्पन्न गर्न करिब नौ अर्ब रूपियाँ लाग्ने प्रारम्भिक अनुमान छ ।

प्रारम्भिक अध्ययनबाट यो आयोजनाबाट सय मेगावाट विद्युत् उत्पादन हुनसक्ने देखिएको छ । यो आयोजनाबाट सुक्खायाममा १०२ र वर्षायाममा ११८ गिगावाट गरी वार्षिक २२० गिगावाट/घण्टा विद्युत् उत्पादन हुने अनुमान गरिएको छ । विद्युत्को माग उच्च हुने समयमा सञ्चालन गर्ने गरी यो आयोजना बनाउन लागिएको हो ।

प्रारम्भिक सर्वेक्षणअनुसार कुलेखानी इन्द्रसरोवरको पानी ४।२ मिटर व्यासको ७२५ मिटर लामो टनेल पाइपमार्फत सिस्नेरीमा बन्ने विद्युत् गृहमा पठाइने र त्यहाँबाट विद्युत् निकालेपछि पानी पुनः अर्को पोखरीमा जम्मा गरिने छ । यसरी जम्मा भएको पानी रातिको समय तथा विद्युत् उत्पादन गर्नु नपर्ने समयमा इन्द्रसरोवरमै फर्काइने छ ।

विद्युत् उत्पादन गर्न प्रयोग गरिने टर्वाइन र पाइपबाटै पानी फिर्ता गरिने एनईए इन्जिनियरिङका प्रमुख मनोज सिलवालले जानकारी दिनुभयो । 'बिजुली निकाल्न प्रयोग हुने टर्वाइनले नै पछि पानी कुलेखानीको जलाशयमै फिर्ता गर्न मोटरको काम गर्नेछ,' उहाँले भन्नुभयो । यसो गर्दा करिब ८० प्रतिशत पानी कुलेखानीको बाँधमै फिर्ता हुनेछ ।

सर्वेक्षण सम्पन्न भएसँगै प्राधिकरण अहिले भौगर्भिक तथा वातावरणीय अध्ययन र विस्तृत इन्जिनियरिङ डिजाइनको तयारीमा लागेको छ । 'दोहोऱ्याउनु नपर्ने गरी हामीले भर्खरै भौगोलिक अध्ययन सकेका छौँ, अब अन्य अध्ययनको तयारीमा छौँ,' सिलवालले भन्नुभयो । पम्प स्टोरेजबाट निकालिएको बिजुली करिब दुई किलोमिटरको दूरीमा पर्ने कुलेखानी दोस्रो आयोजनाको प्रसारण लाइनमार्फत काठमाडौँ ल्याउने योजना प्राधिकरणले बनाएको छ ।

कुल ६६ केभी क्षमताको ७२ किलोमिटर लामो उक्त प्रसारण लाइनमार्फत बिजुली बालाजु सबस्टेसनसम्म ल्याउने योजना छ । आयोजना निर्माणका लागि आधारभूत पूर्वाधार नयाँ निर्माण गर्नु नपर्ने र उच्च माग व्यवस्थापन गर्न प्रभावकारी हुने भएकाले प्राधिकरणले यो योजनालाई विशेष महत्व दिएको हो ।

# बाराही जात्रा नगर्न थाहानगरको 'आग्रह

◆ विकास संवाददाता



कोरोना कहरका कारण गत वर्ष यस पटक गर्ने गरि स्थगन गरिएको बाराहीको ३ वर्षे जात्रा सकेसम्म नगर्न थाहानगरले आव्हान गरेको छ ।

तिथि अनुसार यो वर्षको जात्रा जेठ १५, १६ र १७ गते पर्दछ । पछिल्लो समय थाहानगरमा हरेक दिन कोरोना संक्रमितको संख्या बढ्न थालेपछि नगरले जात्रा प्रति चासो लिएको हो ।

२ जेठमा जात्रा गुठी सम्बन्धित समुदायसङ्ग ६ नम्बर वडा कार्यालयमा बसेको बैठकमा मेयर लवशेर विष्टले कोरोना महामारीमा जात्राले थप संकट निम्तिन सक्ने हुँदा सकेसम्म जात्राका विधिहरू पूरा गरि महामारीबाट बच्न र बचाउन आग्रह गरे ।

मेयर विष्टले सकेसम्म नगर्न नै आग्रह गर्दै विधि नै पूरा गर्नु पर्ने भएपनि न्युनतम संख्यामा कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा छलफल गरि प्रस्ताव लिएर आउन आग्रह गरे । बैठकमा सहभागी जात्राका धामीझाँक्री, पुजारीहरूले भने कुनै पनि हालतमा जात्रा गर्नै पर्ने अडान राखेका छन् । जात्रामा भोग दिन भक्तालुहरूले भाकल गरि पशुपन्छी पालिरहेको चार वर्ष भैसकेकोले पनि जोखिम न्यूनीकरणका उपाय अपनाएर भएपनि जात्रा गर्नु पर्ने उनीहरूको अडान छ ।

जात्रामा भोग दिन पालेको राङ्गा गत वर्ष जात्रा नभएपछि वडा कार्यालय तथा स्थानीय गुठियारहरूबाट दानापानीको व्यवस्था गरि नियमित पाल्दै आएका छन् ।

उता, जात्रा नहुदा तान्त्रिक बिधिबाट नचाइने १२ वर्षे नाच समेत प्रभावित हुने स्थानीयको दाबी छ । तर, हरेक दिन संक्रमितको संख्या बढिरहेको प्रति गम्भीर हुन स्थानीयलाई नगरपालिकाले आग्रह गरेको छ ।

# इन्द्रसरोवरमा गाउँपालिकामा कोरोना संक्रमित दर बढ्दै



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा कोरोना संक्रमितको दर बढ्दै गईरहेको छ । एकै दिन १० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । ३१ वैशाख एक्कै दिन वडा नं. १ र २ मा गरी १६ जनामा गरिएको परिक्षणमा १० जनामा संक्रमण पुष्टि भएको इन्द्रसरोवरका सूचना अधिकारी दिपक चापागाईले जानकारी दिए ।

परिक्षणमा इन्द्रोवर गाउँपालिका १, मार्खुमा ५१ र ५० वर्षीय महिलामा र ३७, ५२, ३८, ३५, १३ र २९ वर्षीय पुरूषमा कोरोना पुष्टि भएको छ भने वडा नं. २ कुलेखानीमा ४० र ५१ वर्षीय पुरूषमा पनि कोरोना पुष्टि भएको स्वास्थ्य शाखाका इन्द्रसरोवरका स्टाफ नर्स सरिता कार्कीले जानकारी दिए ।

मार्खुमा १३ जनामा गरिएको एन्टिजेन परिक्षणमा ८ जनामा कोरोना पुष्टि भएको हो भने ५ जनामा नेगेटिभ देखिएको हो यस्तै कुलेखानीमा ३ जनामा गरिएको परिक्षणमा २ जनामा पोजिटिभ देखिएको हो भने १ जनामा नेगेटिभ देखिएको छ । इन्द्रसरोवरमा पोजिटिभ देखिनेमा इन्द्रसरोवरका ८ जना, थाहा १० का १ जना र भिमफेदीका १ जना रहेका छन् ।

यसका साथै इन्द्रसरोवरमा कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या १४ जना पुगेको छ । इन्द्रसरोवरका स्वास्थ्य प्रमुख मन्नुनाथ अधिकारीले दिएको जानकारी अनुसार आजसम्म इन्द्रसरोवरमा २७ जनामा कोरोना भाइरस ९कोभिड १९० को एन्टिजेन परिक्षण गरिएको छ ।

इन्द्रसरोवरमा कोरोना भाइरसको संक्रमण दर तिब्ररूपमा बढ्दै गएकाले उच्च सतर्कता अपनाउदै जेठ १ गते १ जेठदेखि गाउँपालिकाको प्रत्येक वडामा कोरोना सम्बन्धि सचेतनाको लागि माइकिङ गर्ने योजना रहेको स्वास्थ्य प्रमुख अधिकारीले बताए ।

# कुन्छालमा "ड्राई आइसोलेशन सेन्टर"



◆ विकास संवाददाता

थाहानगरमा होम आइसोलेशनमा बसिरहेका कोरोना संक्रमितहरू लक्षित गरि थाहा नगर पालिका १ कुन्छालमा "ड्राई आइसोलेशन सेन्टर" संचालन हुने भएको छ । कुन्छालस्थित गुठी भवनमा आवस्यक बेड व्यवस्था गरि सो सेन्टर संचालन गरिन लागेको कोरोना टोल रोकथाम तथा नियन्त्रण समितिका सदस्य रूपचन्द्र गोपालीले सामाजिक संजालमार्फत बताएका छन् । हालसम्म १६ वटा बेड तयार भैसकेको जनाएको छ । सेन्टर संचालनका लागि वडा कार्यालयबाट एक लाख अनुदान सहयोग गरिएको वडाध्यक्ष हेरमान गोपालीले बताए । सेन्टर संचालनका लागि जनस्तरबाट समेत आर्थिक संकलन भैरहेको समितिले जनाएको छ ।

थाहानगरमा आइतबारसम्म कुल २ सय २ जना संक्रमित भएका छन् भने १ नम्बर वडामा मात्रै ३१ जना संक्रमित छन् । संक्रमित सबै होम आइसोलेशनमा छन् । बिरामी होम आइसोलेशनमा रहेपछी परिवारका अन्य सदस्यहरू पनि जोखिममा रहेपछि समितिले सो सेन्टर संचालनको योजना बनाएको हो । उता, नगरपालिकाद्वारा तयार गरिरहेको बज्रबाराही चौरस्थित आइसोलेशन संचालनको अन्तिम तयारीमा छ ।

# पालुङमा आलु उत्पादन शुरू

◆ विकास संवाददाता



आलु उत्पादनको भण्डारण कहलिएको मकवानपुरको उत्तरी क्षेत्र पालुङमा यो वर्षको आलु उत्पादन सुरू भएको छ । ३ जेठमा सम्भवत यस वर्षकै पहिलो चोटि करिव ४ हजार किलो आलु निर्यात गरिएको छ ।

थाहा १ ओखरबजारस्थित हरिशरण एण्ड सन्स भेजिटेवल सप्लायर्सले बुटवलमा करिव २ हजार ५ सय र बिराटनगरमा करिव १ हजार ७ सय किलो सेतो आलु निर्यात गरेको हो । सप्लायर्सका राजन लामिछानेका अनुसार ३ जेठमा सेतो कुखुरेज्योती ग्रेडिङ अनुसार १८ रूपियाँदेखि २० रूपियाँसम्ममा खरिद गरि २१-२२ रूपियाँमा बिक्री गरिएको हो ।

गत वर्ष जेठ १८ गते पहिलो पटक प्रति किलो २१ रूपियाँमा निर्यात गरिएको थियो । यसैगरी, रातो कार्डिनल आलु २६-२७ रूपियाँमा खरिद गरिएको छ भने गत वर्ष जेठ १८ गते प्रति किलो २८ रूपियाँमा निर्यात गरिएको थियो । गत पौषको अन्तिम सातादेखि माघको पहिलो साता खेती सुरू गरिएको ओखर बजार र बशन्तका खेतका आलु उत्पादन सुरू भएको हो । गत वर्षको तुलनामा यो वर्ष धेरै फलेको भएपनि गत बैशाख ३ र १६ गते परेको असिनाले आलु बोटमा क्षति पुर्याएका कारण आकार भने सानो भएको किसानहरूको अनुभव छ ।

उत्तरी मकवानपुरमा उत्पादित आलु काठमाडौं, हेटौंडा, बीरगन्ज, नारायणघाट, बुटवल, पोखरा, बिराटनगर लगायत भारतको सिलगुडीसमेतका सहरमा निर्यात हुने गरेको छ । बैशाखमा परेको असिनाले बोट नै सखाप पारेपछि कतिपय कृषकले बालीमै ट्राक्टर जोतेर अरू बाली लगाइसकेका छन् ।

# पत्रकार महासंघ बागमती कोभिड बिपद ब्यवस्थापन कोष स्थापना




◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले कोरोना प्रभावित सञ्चारकर्मीहरुको उपचार तथा सहयोगको लागि कोभिड बिपद ब्यवस्थापन कोष स्थापना गरेको छ ।

महासंघको बिहिवार बसेको जुम मिटिङले कोष स्थापना गरेको हो। कोषमा महासंघ प्रदेश समितिले दुई लाख पचास हजार रूपैयाँ जम्मा गरेको छ। महासंघले कोषमा सहयोग गर्न चाहने सञ्चारकर्मी, सञ्चारमाध्यम, सरकारी तथा गैह्र सर कारी निकाय, ब्यवसायी तथा अन्य शुभेच्छुकहरूलाई नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको राष्ट्रिय बाणिज्य बैंक हेटौंडामा शाखामा रहेको खाता (नामः नेपाल पत्रकार महासंघ ३ नम्बर प्रदेश समिति, खाता नम्बर : १३००००३६६१०१) मा रकम जम्मा गरि दिन आग्रह समेत गरेको छ ।

महासंघ कोषबाट प्रदेश अन्तर गतका जिल्ला शाखाहरूलाई संचार कर्मीहरूको कोरोना संक्रमण रोकथाम, नियन्त्रण एवं उपचारमा सहयोग गर्ने प्रदेश अध्यक्ष शिव देवकोटाले जनाए ।

अग्रभागमा रहेर समाचार संकलन कार्य गर्नुपर्ने बाध्यता भएकाले पूर्ण स्वास्थ्य सकतर्कता अपनाउन सबै सञ्चारकर्मीहरूलाई महासंघले आह्वान गरेको छ । महासंघले कोरोना संक्रमित भई स्वास्थ्यउपचार गराइरहेका सञ्चार कर्मीहरुसहित सबै नागरिकको स्वास्थ्यलाभको कामना गरेको छ ।

संघीय राजधानी समेत रहेको बागमती प्रदेशको बिभिन्न स्वास्थ्य संस्थाहरूमा पर्याप्त स्वास्थ्यकर्मी, अक्सिजन सहित अन्य स्वास्थ्य सामग्रीको अभावले कोरोना संक्रमितहरूको उपचार मा समस्या भएको गुनासो बढेकाले बागमती प्रदेश सरकारलाई तत्काल स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरूको उचित ब्यवस्थापनको लागि महासंघले ध्यानाकर्षण गराएको महासचिव कृष्ण सारू मगरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# जिल्लामा जेठ १३ गते सम्म निषेधाज्ञ

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यलय मकवानपुरले शुक्रबार रातिबाट जेठ १३ गते राति १२ बजे सम्म निषेधाज्ञालाई थप गरि निषेधाज्ञाको स्वरूप परिवर्तन गरेको छ । यस अघि बिहान खाद्यान्न र तरकारी र अत्यावश्यक उपभोग्य सामान खरिद गर्न बिहान ३ घण्टा हेटौंडा बजार खुल्ला गर्न समय दिइएकोमा हेटौंडा बजार श्रेत्रमा आजबाट हप्तामा मंगलबार र शुक्रबार दुई दिन खाद्यान्न,तरकारी सहित बैंक तथा वित्तीय संस्था खोल्ने गरी निषेधाज्ञाको स्वरूप परिवर्तन गरेको हो।

जिल्लामा कोरोना संक्रमित बढ्न थालेपछि मानिसलाई अनावश्यक हिडडुलमा रोक लगाएको छ। ४ स्थानीय तहमा लगाइएको निषेधाज्ञा सबै स्थानिय तहमा कायम गरिएको छ । परिमार्जित गरी थप गरिएको निषेधाज्ञाको पहिलो दिन प्रहरीले चेकजाँचलाई कडाई गरेको छ। अनावश्यक संचालनमा आएका सवारीलाई नियन्त्रणमा लिएको छ ।

मानिसलाई हिडडुलमा रोक लगाएको छायसै क्रममा मकवानपुर प्रहरीले शनिबार बिहान हेटौंडाबाट नक्कली एक पत्रकार नियन्त्रणमा लिएर ३ घण्टापछि छाडेको थियो।

उपभोग्य सामाग्री
खरिद गर्दा
उपभोग मिति
अनिवार्य हेरौं ।

# रहस्य (लघुकथा)




✎ विर्खे अञ्जान

फेरि सरकारले तेलको भाउ बढायो रे नि बुढा। पुरानो मूल्यमा सामान बिक्री गर्ने होइन नि । कमाउने समय यही हो । सधैं मैले मात्रै सम्फाउनु पर्छ भन्ने छैन । यसो कैले त आफ्नो बुद्धि पनि प्रयोग गर्ने बानी बसाल्नु नि ।लक्ष्मीले सुत्ने बेलामा धनबहादुरलाई अर्थ्याइन् । बूढो मौन बस्यो केही बोलेनाभोलि पल्ट पसल अगाडि धनेले ठुलो बोर्ड भुण्डायो , र त्यहाँ लेख्यो -हरेक सामानको १० प्रतिशत छुट । ग्राहकको भीड लाग्यो । केही दिनमा सबै सामाग्री रित्तियो ।

घरमा सबैको मुख कालो थियो । छोरो केही बोल्न चाहान्थ्यो तर आँट थिएन। "पढायो पढायो पाठ ,सोह्र दुनी" आठ मैले भनेको के लाग्थ्यो र ! व्यापार गर्न बसेको भए पो , दान गर्नेलाई मैले के भन्नु ? श्रीमतीको यस्तो गनगन सुनेर पनि उसको मौनता भङ्ग भएको थिएन । समयले त्यो घाउको पनि खाटा पसाल्यो ।बिस्तारै घरपरिवारले त्यो घटना बिर्सियोदुई महिनापछि फेरि कोरोनाको महामारीले छिमेकी राष्ट्रमा भयावह रूप लिएको समाचार आयो ।बेलुकी खाना खाने समयमा छलफल सुरू भयो ।

किराना पसलमा व्यापार राम्रो फस्टाएको छाभारतमा कोरोना फैलिएपछि नेपालमा पनि त्यसको असर पर्छ कमाएको केही हिस्सा दुःखी पीडित र रोगीलाई दिएर हाम्रो केही बिग्रिदैनानगदै दिन नसकिए पनि हाम्रो गाडीलाई एम्बुलेन्सको रूपमा प्रयोग गरि ५०प्रतिशत छुटमा चलाउँनु पर्छ। लक्ष्मीले आफ्नो मनसाय प्रकट गरिन् । छोराले हो मा हो थप्यो। धनबहादुर केही बोलेन। भोलि पल्ट " द्रुत यातायात सेवा "को भाडादर भारीरूपमा वृद्धि भएको खबर पत्रिकामा छापियो । फेरि घरमा रडाको मच्चियो। हैन तिम्रो दिमागमा गोबर भरिएको छ क्या हो । कि मरेपछि पनि सम्पत्ति सँगै लाने बिचार छ हँ ? मैले जे भन्छु त्यसको उल्टो मात्रै गर्नुपर्छ। श्रीमतीको कटाक्ष सुन्यो तर प्रतिकार गरेन। १५ दिनपछि नेपालमा कोरनाले भयावह रूप लियो । एम्बुलेन्सले बिरामी बोकेर भ्याएना।धनबहादुरले साविक रेटबाट ५०प्रतिशत छुटमा आफ्नो गाडी दिने घोषणा गर्यो।सबैतिर निकै चर्चा भयो ।

समाजसेवीको पगरी पनि पायो । त्यो एकाएकको परिवर्तन देखेर लक्ष्मीले भनिन् - हैन बूढा ढिलैभए पनि तपाईंको चेत खुल्यो ।म खुशी छु।आखिर सेवा नै धर्म हो । कुटिल मुस्कानमा धनबहादुरले मुख खुल्यो- तिमीहरूले ,मैले केही जानेको छैन जस्तो नठाने पनि हुन्छ । डेट नाघिसकेको पुरानो सामान भएर १० प्रतिशत छुटको योजना सार्वजनिक गरेको थिए ।त्यो कुरा बुझिनौ र मलाई करायौ ।

गाडीको पनि पहिला नै रेट पढाइ सकेकोले , अहिले घटाउँदा मलाई कुनै घाटा पर्दैन। समय अनुकूल नयाँ जुक्ति उपनाउँनु पर्छ भन्ने कुरा मैले बिद्यार्थीकालमै अर्थशास्त्रबाट सिकेको छु । यो कुराले लक्ष्मी अक्क न बक्क भइन् । उनी केही भन्न खोज्दै थिइन् श्रीमान हिडिसकेको थियो ।




# संक्रमितको संख्या..........




त्यस्तै स्वास्थ्य चौकी बज्रबाराहीमा ७ जना र थाहा ९ मा ३१ जनाको स्वाव संकलन गरिएको छ। परिक्षण गरिएकोमा २ सय २ जना संक्रमित भएका छन् । वडा नम्बर १ मा ३१, २ मा ३१, ३ मा ७०, ४ मा १७ जना संक्रमित भएका छन् ।

त्यसैगरी, वडा नम्बर ५ मा १०, ६ मा २३, ७ मा २, ८ मा १, ९ मा ३, १० मा ५ र ११ मा ७ जना संक्रमित भैसकेका छन् । १२ नम्बर वडामा भने हालसम्म परिक्षण भएको छैन । यी मध्ये १२ जना निको भएका छन् । २ जनाको मृत्यु भैसकेको छभने ६ जनाको थाहानगर बाहिर उपचार भैसकेको छ । संक्रमित मध्ये १ सय ८२ जना बिरामी होम आइसोलेशनमा छन् । आइसोलेशनमा रहेका सबैको स्वास्थ्य सामान्य छ ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी